## मिति २०८० श्रावण १६ गतेको कार्यपालिका बैठकका निर्णयहरु:

१) अघिल्लो कार्यपालिका बैठकले गरेका निणर्यहरुको कार्यान्वयनका सम्वन्धमा बैठकमा छलफल गरियो साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

२) विगतका वर्षहरुमा विभिन्न योजनाहरुको ठेक्का सम्झौता गरि योजनाहरु सम्पन्न नगरी अलपत्र पारेको कारणवाट कार्यालयले स्पष्टिकरण माग गर्दा चित्त वुझ्दो जवाफ प्राप्त नभएकोले निज ठेकेदारहरुलाई माडी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम १५२ को उपनियम ४ वमोजिम १ वर्ष कालोसूचीमा राखि कानून बमोजिम ठेक्का रद्ध गर्ने ।

३) सशस्त्र प्रहरी बल, नेपाल (प्रस्तावित) सीमा सुरक्षा गुल्म छरछरे चितवनको मिति २०८०।०३।१७ को पत्र वाट अनुरोध भइ आए अनुसार चितवन जिल्ला माडी नगरपालिका वडा नं १ पाण्डवनगर स्थित साविक गर्दि ४ क मा रहेको कित्ता नं. १४७ क्षेत्रफल ०–७–११½ को सरकारी जग्गा शसस्त्र प्रहरी वल, नेपाल बोर्डर आउट पोष्ट गर्दि भंगतालाई नियमानुसार उपलव्ध गराउन सम्वन्धित निकायमा सिफारिस गर्ने ।

५) यस नगरपालिका मा यस अघि कर्मचारी तथा जनप्रतिनिधिहरुद्धारा रकम संकलन गरि खरिद गरिएका एम्बुलेन्स र हालसालै मात्र भारतिय दुतावासवाट प्राप्त भएको एम्वुलेन्सलाई सञ्चालन गर्नका लागि हनुमानझुलामा सञ्चालित एम्वुलेन्स आधारभुत स्वास्थ्य केन्द्र हनुमानझुला, हाल वघौडा अस्पतालमा सञ्चालित एम्वुलेन्स बघौडा अस्पताल तथा भारतीय दुतावासवाट अनुदान प्राप्त एम्वुलेन्स अयोध्यापुरी स्वास्थ्य चौकीलाई हस्तान्तरण गर्ने, चालकको पारिश्रमिक, इन्धन खर्च तथा मर्मत खर्च सोही एम्वुलेन्सको आम्दानीवाट संस्थाले बेहोर्ने र नगरपालिकाले हालको लागि प्रति संस्था रु एक लाख पचास हजारका दरले सञ्चालन अनुदान सम्वन्धित संस्थालाई प्रदान गर्ने ।

६) संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना चितवनले निर्माण गर्ने दिसाजन्य लेदो व्यवस्थापन गर्नको लागि वडा नं १ पाण्डव नगर स्थित लगत कट्टा भएको सरकारी जग्गा उपलव्ध गराउने तथा सोही स्थानमा सेनेटरी पार्क तथा वेस्ट मेनेजमेन्ट परियोजना सञ्चालन गर्ने ।

७) माडी नगरपालिका भित्र भाडामा प्रयोग गरिएका कृषि यन्त्र उपकरण तथा अटो रिक्साहरुको भाडादर निर्धारण गर्ने प्रयोजनार्थ अध्ययन गरि प्रतिवेदन पेश गर्न देहायको समिति गठन गर्ने ।

संयोजक श्री खेम प्रसाद महतो

सदस्य श्री डण्डपाणी पौडेल

सदस्य श्री अमित कुमार लामा

सदस्य श्री कमल बहादुर भुजेल

सचिव श्री किरण प्रसाद उपाध्याय

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय प्रमाणित

तारा कुमारी काजी महतो
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

८) यस कार्यालयका टेक्टर चालक श्री रवि महतोको सरसफाईको सवारी साधन चलाइरहेको अवस्थामा टेक्टरको ढालामा च्यापिएर दाहिने हातको औंला काट्नु परेको हुँदा सो उपचार गर्दा खर्च भएको रकम कर्मचारी औषधि उपचार शिर्षकवाट खर्च लेख्ने ।

९) विद्यालय हाताको १०० मिटर दुरी भित्र सुर्तिजन्य तथा मदिराजन्य पदार्थ विक्रि वितरण तथा ओसार पसार गर्न नदिन स्थानीय प्रशासनलाई अनुरोध गर्ने ।

१०) माडी नगरपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि २०८० स्विकृत गर्ने ।

११) गत वर्षहरुमा सडक कालोपत्रेको लागि लागत सहभागिता स्वरुप केही लाभग्राहीवाट रकम उठाइ नगरपालिकामा जम्मा गरेकोमा यस आ. व. मा नगरपालिकावाट सडक कालोपत्रेको लागि वजेट विनियोजन गरिएको हुँदा सो समयमा रकम उठाउन बाँकी लाभग्राहीसँग तोकिएको लागत सहभागिता रकम जम्मा गर्न तत् तत् समिति र वडा कार्यालयले पहल गर्ने ।

१२) सूचना तथा परामर्श सहजकर्ता सावित्री सुनुवारको मासिक तलवमा रु २००० थप गरि मासिक रु. २५००० पुऱ्याउने ।

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर, चितवन बागमती प्रदेश, नेपाल २०७३

तारा कुमारी काजी महतो
नगर प्रमुख

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner